# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
प्रदेश नं. १, नेपाल

प.स : २०७९/०८०
च.नं. : 20

मिति : २०७९/०४/०३

**विषय : GESI Focal Person तोकिएको सम्बन्धमा ।**

**स.क.अ. श्री गणेश खतिवडा**
**याङवरक गाउँ कार्यपालिकको कार्यालय**

उपरोक्त सम्बन्धमा तपाईलाई यस गाउँपालिकाको लै.स.स. शाखाको जिम्मेवारी तोकी हाल उक्त शाखाको कामकाज समेत गरिरहनु भएको हुँदा आजका मिति देखि अर्को व्यवस्था नहुन्जेल सम्मका लागी तपाईलाई तोकिएका अन्य जिम्मेवारीको अतिरिक्त आजका मिति देखी **GESI Focal Person** को थप जिम्मेवारी तोकिएको छ ।

लैससास मूल प्रवाहीकरणमा GESI Focal Person को भूमिका कार्य विविरण निम्न अनुसार रहेका छन् । प्रचलित कानूनको परिधि भित्र रही तोकिएको जिम्मेवारी पुरा गर्नहुन जनकारी गराइन्छ ।

**लैससास मूल प्रवाहीकरणमा GESI Focal Person को भूमिका :**

- लैङ्गिक अध्ययन विश्लेषण तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit प्रत्येक वर्ष गराउने र त्यसवाट आएको सवल पक्षलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने पक्ष रहेमा कार्ययोजना वनाई  कार्यान्वयनमा ल्याउन पहल गर्ने ।
- लैङ्गिक उत्तरदायी वजेटको लागि पहल गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
- आफ्नो विषय क्षेत्र संग सम्वन्धित लैङ्गिक तथा सामाजिक समावेशीकरण खण्डिकृत तथ्याङ्क अद्यावधिक गर्ने गराउने ।
- लैङ्गिक अवस्था तथा आवश्यकताको पहिचान गर्ने ।
- आफु कार्यरत र मातहतका कार्यालय वा निकायमा लैङ्गिक हिंसा सुन्य सहनशिलता नीति अवलम्वन गर्ने
- कार्यस्थलमा हुने लैङ्गिक हिंसा निवारणका लागि पहल गर्ने ।

- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी १९७९ लगायत मानव अधिकार सँग सम्वन्धित अन्तराष्ट्रिय सन्धीको आफु कार्यरत निकाय संग सम्वन्धित विषयहरु कार्यान्वयन का लागि बजेट तथा कार्यक्रममा समावेश गरि कार्यान्यिन गर्ने व्यवस्था मिलाउने र सोको विवरण अद्यावधिक गर्ने ।
- अन्तराष्ट्रिय महासन्धिका प्रावधान अनुसार प्रतिवेदन तयार गर्न महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रदेशमा सामाजिक विकास मन्त्रालय लाई सुचना तथा जानकारी उपलव्ध गराइ सहयोग गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संग सम्वन्धित अन्तराष्ट्रिय वा राष्ट्रिय क्षेत्रमा भएका वा हुने गतिविधि तथा ती संग सम्वन्धित अध्ययन प्रतिवेदन तथा अनुसन्धानमुलक लेख खोजी गरी अद्यावधिक गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक न्यायका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण दृष्टिकोणले कर्मचारीका गुनासो सुन्ने र त्यसको संवोधन गर्ने वातावरण वनाउने ।
- आफ्नो कार्यालयमा प्राप्त अवसरहरुमा समानता कायम गर्न पहल गर्ने ।
- लैङ्गिक विषय संग सम्वन्धित बैठक सेमिनार तथा छलफलमा सहभागी भइ अनुवभहरु आदान प्रदान गर्ने र असल अभ्यासहरुलाई आफ्नो कार्यालयमा आन्तरिकीकरण गर्ने ।
- महिला तथा वालवलिका संग सम्वन्धित कार्यक्रमहरुमा सकृय भूमिका निर्वाह गर्ने ।
- GESI मैत्री कार्य वातावरण बनाउन पहल गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका बारेमा पैरवी गर्ने ।
- शाखा प्रमुखहरुसंग लैससास सम्बन्धि समन्वय तथा सहकार्य गर्ने ।
- नीति, योजना, ऐन तथा कार्यक्रम तर्जुमा गर्दा GESI मैत्री बनाउन सहयोग गर्ने र त्यसका लागि आवश्यक पैरवी गर्ने ।
- लैङ्गिक हिंसा सुन्य सहनशीलताको नीति अबलम्वन गर्ने ।
- लैङ्गिक हिंसा विरुद्धको आचार संहिता बनाई लागू गर्ने /गराउने ।
- लैङ्गिक उत्तरदायि बजेटको पहल गरि प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।


yangwarakruralmun@gmail.com www.facebook.com/yangwarak www.yangwarakmunpanchthar.gov.np ☎ ०२४-४१००४८, ०२४-४१००४९

- आफ्नो कार्यक्षेत्र भित्रका समुदायमा रहेका टोल विकास संस्था, सामुदायिक संगठन, लगायतका संघसंस्थाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सवालहरुको पैरवी गर्ने ।
- आफ्नो कार्यालयमा प्राप्त अवसरहरुमा समानता कायम गर्न पहल गर्ने ।
- लैससास सम्बन्धि असल अभ्यासहरुलाई अभिलेखिकरण गर्ने ।

....................

सुमन लिङ्देन (लिम्बु)

प्रमुख प्रशासकीय अधिकृत